केण्ट शिशु केन्द्रहरू (Kent Children's Centres)

उनीहरूको लागि मौज...
...तपाईको लागि समर्थन

जीवनमा सर्वोत्तम शुरूआत् निम्ति केण्टमा हरेक शिशुलाई मद्दत

"सेवा अनि सुविधाहरू देखेर म हर्षित छु, मलाई लाग्छ मेरो शिशु सुरक्षित अनि खुशी छ, कर्मचारीहरूले सदैव नै मैत्रीपूर्ण व्यवहार गर्छन् साथै मद्दत पुर्‍याउँछन्। म यी सेवाहरूको उपयोगलाई जारी राख्नेछु"

फोटोहरूद्वारा उद्धरणहरू:
**"सेवाहरू मदेखि पहिलेकोभन्दा नजिकमा छन् यसकारण अब ती सेवाहरू प्राप्त गर्न सजिलो भएको छ"**

**"कर्मचारीहरू असल छन् अनि तपाईसित कुनै समस्याहरू छन् भने, त्यसबारे उनीहरूले धेरै समय लगाएर सुन्छन्। तपाईलाई त्यहाँ सदैव स्वागत नै गरिन्छ"**

शिशुहरूका केन्द्रहरू (children's centres) के हुन्?

शिशुहरूका केन्द्रहरूले तपाईको स्थानीय समुदायमा मातापिता, शिशु स्याहार्ने अनि 0–5 वर्षका शिशुहरूलाई विभिन्न सेवाहरू उपलब्ध गराउँछन्।

केन्द्रहरूले स्थानीय समुदायका आवश्यकताहरू पूरा गर्नको लागि विविध सेवाहरू उपलब्ध गराउँछन्, उदाहरणहरूमा सामेल छन्:–

- परिवारलाई समर्थन अनि मातापितासम्म यसको विस्तार
- मातापिता अनि शिशुहरूको लागि घरमै सत्रहरूको आयोजना
- शिशुको पालन–पोषणसम्बन्धी प्रावधान अनि नेशनल चाइल्डमाइण्डिङ्ग (नानी हेर्ने) एशोसिएसन् (National Childminding Association)–सित सम्पर्क
- शिशु पालन–पोषणसम्बन्धी विकल्पहरू अनि स्कूल शुरू गर्ने सम्बन्धमा सलाह–परामर्श र समर्थन
- प्रसवपूर्व स्थितिसित सम्बद्ध जानकारी दिने कक्षाहरू अनि शिशु स्वास्थ्य केन्द्रहरू
- स्तनपान, शिशुको पालन–पोषण तथा बोली र भाषाको बारेमा जानकारी
- तालिम वा नयाँ काम खोज्ने बारे सोचिरहेका मातापिताहरूलाई प्रोत्सहान अनि समर्थन
- विशेष आवश्यकताहरू भएका अनि अपाङ्गताले ग्रस्त शिशुहरू निम्ति सेवाहरू
- स्वयंसेवी एजेन्सिहरूसित सम्पर्क
- स्थानीय स्कूलहरूसित सम्पर्क

मानिसहरू के भन्छन्...
**"2 ½ वर्षको हुँदा डेभिड नर्सरी कक्षा जान्थ्यो, अनि त्यस बखत नै उसका आवश्यकताहरूको पहिचान गरियो – अब उसले उसलाई आवश्यक अतिरिक्त सहायता प्राप्त गर्छ – छात्रवृत्ति अनि योसित सम्बद्ध समर्थन नपाएको भए डेभिडको 5 वर्षको उमेर पुगेपछि सोझै स्कूल जाने सम्भावना थियो"**

**"तपाईलाई कुरा सुन्ने मित्र र एक कप चिया मात्रै चाहिएको किन नहोस्, त्यहाँ समर्थन अनि सुझाउ सदैव उपलब्ध छ। त्यहाँबाट बाह्य एजेन्सि अनि सेवाहरूसित सम्पर्क गर्नसकिन्छ। त्यहाँ सबै शिशुहरूको लागि विविध गतिविधिहरू सञ्चालित गरिन्छन्"**

**"मेरी छोरी शिशुहरूको केन्द्रमा आउन खुबै मन पराउछिन् अनि हामी सबै एका – अर्कालाई समर्थन गर्छौं"**

मेरी निकटतम शिशु केन्द्र कहाँ छ?

तपाईको स्थानीय शिशु केन्द्र कहाँ छ, त्यसबारे तपाई निश्चित हुनुहुँदैन भने कृपया सम्पर्क गर्नुहोस्

08000 32 32 30–मा केण्ट चिल्ड्रेन एण्ड फेमिलिज् इनफर्मेसन् सर्भिसलाई
(Kent Children & Families Information Service) फोन गर्नुहोस्

वा ई–मेल childrenscentres@kent.gov.uk

www.kent.gov.uk/childrenscentres
अनि
www.kentchildrenscentres.org.uk

आवश्यकता परेको खण्डमा, यो पर्चा अन्य भाषाहरू अनि आकारहरूमा पनि उपलब्ध छ।
यस पर्चामा दिइएको सूचना अनि सुझाव, पर्चा छापिएको समयमा, सही छन्।
सन्दर्भः cc/03/09